# येशू हुन् मेरो कस्तो विलाश

१. येशू हुन् मेरो कस्तो विलाश दिंदछन् मनमा महिमाको आश
मुक्तिको भागी स्वर्ग मेरो घर उनमा म बस्छु सधैं निडर ।
कोः यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति दिनै
यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति नै ॥

२. पूरा भरोसा आनन्द र सुख अब मेरो मनमा न शोक न दुःख
ख्रीष्टबाट भयो दयाको ज्ञान दूतगण अब गर्छन् प्रेमको बखान
कोः यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति दिनै
यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति नै ॥

३. विश्वास म राख्छु, ख्रीष्ट मेरो नाथ उनैमा बस्छु सुरक्षासाथ
उनैमा प्रेमले पाउँछु विश्राम जानेछु अन्तमा स्वर्गीय धाम ।
कोः यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति दिनै
यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति नै ॥

***बाइबल पद :*** यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं । रोमी ८:३७